श्री राम चन्द्र मिशन

ECHOES NEPAL NEWSLETTER



# २०१५

## नयाँ बर्षको सन्देश

*"म चाहन्छु कि हामी सबैले हामीलाई तिमी के हौ ?" भनेर सोधे भने हामीहरु आफुलाईम अभ्यासी हुं" भनेर परिचय गराउन सकौं किनभने मेरो जीवनमा मेरा हृदयमा यही नै प्रमुख कुरा हो । यो कुरा हाम्रो हृदयमा स्थायी रुपमा नै अंकित हुनुपर्दछ कि म एउटा अभ्यासी हुं । प्रत्येक क्षण यस प्रकारले प्रभावित हुनुपर्दछ कि उहाँ को प्रेमपुर्ण सम्झना विना एकैक्षण पनि नवितोस, खेर गएको क्षणको लागि खेद मान्नु पर्दछ । अन्यथा बर्षौ बर्ष उड्रेर जानेछन् । हाम्रो जीवन मरुभुमिमा नदिहरु उड्रेर गएको जस्तै तैरी रहनेछन् । हाम्रो जीवन यो समयको सागर मा समयविहिन भएर बिलाउनेछन् ।"*

कमलेश डि.पटेल, १ जनवरी २०१५, मणपाक्कम

## मणपाक्कम समाचार

### अक्टुबर २०१४

बुधबार १ अक्टोवरको दिन मालिक व्हिल चियर वाहिर आउनूभयो र विस जना नयां अभ्यासीहरुसित भेट गर्नूभयो जो २ अक्टोबरमा शुरु हूने चीनिया सेमिनारमा भाग लिन आएका थिए । ४ तारिखको दिन ६ बजे मालिक चीन र दक्षिण अफ्रिकाबाट आएका अभ्यासीहरुसित एक घण्टा बस्नु भयो जो कटेजको ढोकामा जम्मा भएका थिए । अनुवाद गरिरहेका एकजना भाईको मद्दतले उहाँ हरुसित अन्तरकिया गर्न सक्षम हुनुभयो । त्यसपछि संयोजकले अभ्यासीहरुलाई मालिकसित परिचय गराउनुभयो । एकजना अभ्यासीले बांसुरीमा चीनिया शैलिमा दुईवटा गीत बजाउनु भयो, मालिक र त्यहां भएका सबैजनाले रमाईलो माने । यस सत्र पछि उहाँअत्यन्त थकित हुनुभयो तत्पश्चात सिधै ओछ्यान तर्फ जानुभयो ।

## अस्ट्रेलियाई सेमिनार

५ तारिखको दिन अस्ट्रेलियाई अभ्यासीहरुसित व्रिस्वेनमा चलिरहेको भिडियो कन्फरेन्सको अवधिमा कमलेश भाईले भन्नु भयो कि मालिक शारीरिक रुपमा अस्वस्थ भएपनि उहाँआफ्नो कर्तव्यहरु खुशी भएरै पुरा गरिरहनुभएको छ र यस्तो गरेर उहाँले आफ्नो वरिपरि भएका सबैको खुशी र आध्यात्मिक उन्नती गराईरहनु भएको छ । उहाँको शारीरिक अवस्थाको बावजुद उहाँसदैव अरुहरु लाई आध्यात्मिक सेवा पुर्‍याउन चिन्तित हुनुहुन्छ, चाहे तिनीहरु आश्रमको छेउछाउमा होउन अथवा त्यहां भन्दा धेरै टाढा टाढा होउन् । अभ्यासीहरु अत्यन्त गहिरो रुपमा द्रवित भए जव कमलेश भाईले कुरा थप्दै भन्नु भयो कि मालिकले आफ्नो उपचारमा केहि औषधिहरु प्रयोग गर्न यस कारणले रोक लगाउनु भएको छ कि यस्ले उहाँलाई थप संकमण गराउन सक्दछ र यस्को अर्थ हुन्छ उहाँ अभ्यासीहरुलाई भेट्न असमर्थ हुनुहुनेछ ।





करिब एक सय जना अभ्यासीहरु र तीस जना केटाकेटीहरु व्रिस्वेनमा राष्ट्रिय स्तरको भेलामा सहभागि भएका थिए जस्को "खुशीसाथ ध्यान गरौं" भन्ने रहेको थियो ।

## चीनिया सेमिनार

११ बजे विहान मालिक कटेजको अगाडि आंउनु भयो र चीनिया अभ्यासीहरु सित सामुहिक फोटो खिचियो । सोमवार ६, अक्टुवरको दिन चीनिया सेमिनारको अन्तिम दिन थियो र कमलेश भाईले सेमिनारको अन्तिम सत्सङ्ग संचालन गर्नुभयो ।

अक्टुवरको दोश्रो हप्तामा मालिकको दिनचर्यामा अलिकता परिवर्तन भयो । उहाँधेरै ढिलो, विहानको ९.३० वा कहिलेकांही त दश बजे उठ्नु हुन्थ्यो, विहानको खाजा खानुहुन्थ्यो र समाचार सुनेर केहि क्षण विताउनु हुन्थ्यो । कुनै कुनै दिन त उहाँवाहिर आएर घाममा बस्नु हुन्थ्यो र मध्यान्हको ३ बजे तिर उठेर दिउसोको खाना खानुहुन्थ्यो । मध्यान्हमा उहाँकेहि समय टि.भि.हेर्नुहुन्थ्यो वा उहाँको लागि



पुस्तक वाचन सुन्नुहुन्थ्यो र साँझतिर उहाँवाहिर आउनुहुन्थ्यो । अधिकांश समय उहाँमौन रहनु हुन्थ्यो र अभ्यासीहरुसितको भेटमा पनि उहाँआर्शिवाद मात्रै दिनुहुन्थ्यो ।

सात अक्टुवर, मंगलबारको दिन, ओमेगा स्कुलको बालिका आईन जस्ले पहिले पनि पियानो बजाएकि थिईन, फेरि एक पटक पियानो बजाईन । मालिक मौन रहेर सुनिरहनु भयो ।

## यु.स.सेमिनारसित भिडियो कन्फरेन्सिङ्ग :

११ अक्टुबरको दिन कमलेश भाईले मालिकलाई हलुका ढंगले जानकारी गराउनुभयो कि यु.एस.सेमिनारका सहभागी अभ्यासीहरु सित भिडियो कन्फ्रेन्सको माध्यमबाट सम्बोधन गर्ने कार्यक्रम रहेको छ के उहाँअभ्यासीहरुलाई सम्बोधन गर्न चाहनु हुन्छ रु मालिकले जवाफ दिनुभयो,किन नगर्नु?" कमलेश भाईले यो सबैलाई आश्चर्यमा पार्ने कुरा अहिले नभन्नुहोला भन्नु भयो । त्यस राती रातीको खाना खाएपछि मालिकले अभ्यासीहरुलाई सम्बोधन गर्नुभयो । उहाँआफ्नो अगाडि भएको पर्दामा मोलिना, मुनरो, सान जोस, टेक्सास जस्ता ठुला केन्द्रका अभ्यासीहरुलाई देख्न समर्थ हुनुहुन्थ्यो । मालिकले करिब २०–३० मिनेट सम्म सम्बोधन गर्नुभयो । उहाँ अमेरिका भरि छरिएका यति ठुलो संख्यामा उपस्थित भएका अभ्यासीहरुलाई सम्बोधन गर्न पांउदा खुशी हुनुभएको देखियो ।

१०-१२ अक्टुवरको सप्ताहन्तमा युनाईटेड स्टेट्स भरिका अभ्यासीहरु ६ स्थानमा एउटा राष्ट्रिय सेमिनारमा सहभागि हुन उपस्थित भएका थिए जस्को विषय "एउटा मायालु उहाँदय निर्माण" थियो । आफ्नो सम्बोधनमा मालिकले सबैसित यो कुरा बुझ्न अनुरोध गर्नुभयो कि हामीहरु सबै अव आफ्नो हृदय प्रयोग गर्न परिपक्व भईसक्यौं । यसलाई कसरी प्रयोग गर्ने? यस्को एउटा मात्रै उपाय प्रेम हो" उहाँले भन्नु भयो कि जव हामी हृदयको प्रयोग गर्दछौं, हामी गल्तीमा हुदैनौं । यसलाई प्रयोग गर्न हामी डराउन हुंदैन, यो जोखिमयुक्त छैन् । हृदय विना आध्यात्मिक जीवन नै हुंदैन् ।

## अक्टुवर २२–२३ दिवाली उत्सव

२२ तारिखको दिन कमलेश भाइले सत्सङ्ग संचालन गर्नु भयो । पछि मालिक वाहिर आउनु भयो उहाँ यस कुरामा अत्यन्त दुःखी हुनुहुन्थ्यो कि उहाँध्यान हलमा जान सक्नु भएन् । मध्यान्हमा उहाँ ले केहि अभ्यासीहरुलाई भेट्नु भयो जो विहान देखि नै उहाँ को झलक पाउन पर्खिरहेका थिए ।

सांझमा, मालिक गोल्फकोर्टमा आश्रमको वरिपरि घुम्नु भयो । अभ्यासीहरुको भिड अत्यन्त ठुलो थियो, उहाँ लाई हेर्नका लागि उनिहरु एक अर्कालाई धकेलिरहेका थिए । सुरक्षकर्मिलाई स्थितिलाई व्यवबस्थित गर्न कठिनाई भईरहेको थियो । तथापि मालिकले धेरै अभ्यासीलाई भेटनु भयो । उहाँसबैलाई यो भनिरहनु भएको थियो कि उहाँफेरि एकपटक वाहिर जान चाहिरहनुभएको छ जो उहाँलाई हेर्न मात्रै पनि आएका छन् । विहिवारको दिन यद्यपि उहाँवाहिर जान सक्नु भएन्, मालिकले आफुलाई कटेजमा नै अभ्यासीहरुलाई भेट्न उपलब्ध गराउनु भयो । बत्तीहरुको कारणले कटेजको भित्रको सबैको हृदय भित्र पनि उत्सवको अनुभुति थियो ।

**शुकवार, २४, अक्टोवर :** साँझमा गुजरातबाट आएका सिष्टरहरुले ध्यानहलमा गर्वा नृत्य प्रस्तुत गरेका थिए । मालिकले आफ्नो को ठामा सिसिटिभीको माध्यमबाट हेर्नुभयो । यसमा भाग लिन सिष्टर तथा केटाकेटीहरुले कटेजमा आएर मालिकसित भेट गरे । उहाँ प्रत्येकसित कुराकानी गरिरहनु भएको थियो, र प्रत्येक सहभागी लाई उपहारहरु दिनुभयो र भन्नुभयो यो उपहार बहुमुल्य छ यसलाई नफाल्नु होस" अभ्यासीहरुले प्रत्युत्तर गर्दै भने, मालिक तपाई हाम्रो लागि बहुमुल्य हुनुहुन्छ र तपाईले दिनुभएको सबै कुराहरु बहुमुल्य छन् ।"

**आईतवार, २६ अक्टोवरः मालिकको अभ्यासीहरुलाई सम्बोधन**

मालिकलाई यस कुराले खुशी बनायो कि उहाँयु.एस.सेमिनारका यति धेरै सहभागीहरुसित भिडियो लिंकको माध्यमबाट सम्बोधन गर्न समर्थ हुनुभयो र भन्नु भयो, 'यस्तो अझै बढि गर्न पाए राम्रो हुने थियो ।" अर्को दिन नै कमलेश भाईले व्यवस्था गर्नु भयो र जानकारी गराउनु भयो कि मालिक विश्वभरीका अभ्यासीहरुको लागि प्रत्यक्ष वेबकाष्टको माध्यमबाट अभ्यासीहरुलाई सम्बोधन गर्नु हुनेछ ।

मालिक विहान सबेरै नै तयार हुनु भयो तर विहानको खाजा खानु अगाडि भन्दै हुनुहुन्थ्योमैले सबै अभ्यासीहरुलाई सम्बोधन गर्ने भएको छु तर मलाई थाहा छैन म के भन्दैछुमाथि औंल्याउदै उहाँले भन्नुभयो,जे भएपनि आइहाल्ला निुमालिकले करिव पचास मिनेट विश्व भरी नै विभिन्न देशका अभ्यासीहरुलाई सम्बोधन गर्नुभयो जो आश्रमहरु, केन्द्रहरु वा आ आफ्नो घर वेबकाष्टसित उहाँ को सम्बोधन सुन्न जोडिएका थिए । सम्बोधन समाप्त भएपछि जो कोहीले पनि मालिकको अनुहारमा सन्तोष देख्न सक्दथिए । उहाँले सम्बोधन नगर्नु भएको थुप्रै महिना वितिसकेका थिए । सम्बोधन पछि मालिक वाहिर एक घण्टा बस्नु भयो । यस कार्यकम पछि अभ्यासीहरुका थुप्रै मेलहरु मालिकलाई प्राप्त भए जस्मा अभ्यासीहरुले कस्तो अनुभव गरे, सम्बोधनको प्रभाव कस्तो रह्यो भनेर उल्लेख गरिएको थियो । यो सुनेर मालिक अत्यन्त खुशी हुनुभयो ।

**सोमबार, २७ अक्टोवरः मालिकको बाहिरको यात्रा**

अचानकै मालिकले एकजना अभ्यासीको घरमा जाने निर्णय गर्नुभयो जुन उद्घाटनको प्रतिक्षामा थियो । उहाँआफ्नो गल्फ कार्टमा जानु भयो, उहाँ ले प्रसाद अर्पण गर्नुभयो, घरको वरिपरि घुम्नु भयो, भान्साकोठमा आउनुभयो र स्टोव बाल्नु भयो जस्मा दुध उमाल्न लागिएको थियो । मालिक त्यसपछि हलमा बस्नु भयो जहां केटाकेटीहरु परम्परागत कर्नाटक संगित गाईरहेका थिए । त्यसपछि उहाँकटेजमा फर्किनु भयो ।

२९ तारिख बुधवारको दिन मालिकले छोटो सत्सङ्ग संचालन गर्नु भयो र एउटा बिवाह सम्पन्न गराउनु भयो । लामो समय पछि कटेजमा बिवाह सम्पन्न भएको देख्न पांउनु अत्यन्त खुशीको कुरा थियो । सामुहिक फोटो खिचियो र अत्यन्त उत्सवमय वातावरण व्याप्त भएको थियो ।

३१ अक्टोवरको दिन मालिकको स्वास्थ्यमा केहि कमी आयो । केहि परिक्षणहरु गरिए र ब्रदर कृष्ण राती उहाँ सित बस्न आंउनु भयो ।

## नोभेम्बर २०१४

### मालिकको स्वास्थ्य

नोभेम्वरको शुरुआतमा यो निश्चित भयो कि मालिकलाई संक्रमण भयो त्यसैले एण्टिवायोटिक औषधि शुरु गरियो । एक दिन विहान जव मालिक कार्यालयमा आंउनु भयो, उहाँअत्यन्त ताजा देखिनु भएको थियो । उहाँ ले विहानको खाजा खानुभयो, समाचार सुन्ने काम सक्नु भयो र तुरुन्तै प्रधानमन्त्री (भारतको प्रधानमन्त्रीको बारेमा टि.भि.श्रृंखला) हेर्ने ईच्छा गर्नु भयो । त्यसपछि उहाँले केहि क्षण बाहिर बस्ने निर्णय गर्नु भयो ।

त्यस हप्तामा पछि, मालिकलाई कम्मर दुख्ने समस्याको लागि स्कयान गर्न MIOT अस्पताल लगियो । यो पनि देखियो कि उहाँ आफ्नो दाहिने हात राम्ररी चलाउन सकिरहनु भएको छैन् तर समयमा नै गरिएको र प्रभावशाली औषधोपचारको कारणले मालिकको स्वास्थ्यमा प्रभाव कम मात्रै पर्न गयो । उहाँ लाई भएको संक्रमण एक हप्ता भित्रै निको भयो, र उहाँ को दाहिने हात कमशः राम्रो सित काम गर्न थाल्यो । चिकित्सकहरुले यो कुरा प्रष्ट पारे कि मालिकलाई भएको संक्रमणको कारणले कुनै पनि समय कटेज भित्र धेरै मानिस रहनु हुन्न ।

आफ्नो दाहिने हातलाई सामान्य अवस्थामा ल्याउन मालिकले केहि व्यायाम गर्नु भयो । केहि दिनको लागि जर्मनीबाट आएका एक जना सिष्टरले मालिकको हातमा मालिस गर्नु भयो र यस्को सकारात्मक प्रभाव परेको देखियो । उहाँले कलम हलुका ढंगले समाएर विस्तारै





With participants of the Youth Seminar

लेख्ने कोशिस गर्नुहुन्थ्यो । यस्मा क्रमिक सुधार भएको प्रष्ट नै देखिन्थ्यो । आफ्नो नियमित काममा फर्किने मालिकको दृढतालाई देख्नु अत्यन्त उत्साहजनक कुरा थियो । चिकित्सक भन्ने गर्दथिए, मालिकको लागि सदैव, 'पदार्थ माथि मन' हुने गर्दछ । नोभेम्वरको दोश्रो हप्ताको अन्त्यतिर उहाँ अत्यन्त कम कठिनाईका साथ लेख्न सक्ने हुनु भयो र प्रशिक्षकको प्रमाणपत्रमा सहि समेत गर्नु भयो ।

दोश्रो हप्तातिर मालिकको स्वास्थ्यमा केहि निश्चित सुधार शुरु भयो । एउटा अवसरमा उहाँ आफ्नो सुत्ने कोठाको अगाडि बसी र हनु भएको थियो ताजा देखिनु भएको थियो । उहाँले कमलेश भाईलाइ त्यहां उहाँ सितै विहानको खाजा खान भन्नु भयो । मालिकले बडो ध्यानपुर्वक समाचार सुन्नु भयो । उहाँझण्डै एक घण्टा भन्दा बढि वाहिर नै बसिरहनु भयो र स्वर्गिय भिमसेन जोशीका (भारतिय गायक) गीतहरु सुन्नु भयो । जुन कमलेश भाईले कम्प्युटरबाट सुनाउनु भएको थियो । मालिक आफ्ना आंखा बन्द गरेर सुनिरहनु भएको थियो । संगित चलिरहंदा उहाँ ले सबै व्यक्तिहरुको माथि काम गरिरहनु भएको कसैले पनि अनुभव गर्न सक्दथियो । एउटी नयां अभ्यासी सिस्टर जो मुम्बईको एउटा विश्वबिद्यालयको निर्देशक हुन, मालिकसित बसिरहेकी थिईन् । यी सिष्टरले पछि परिचय दिईन् र उहाँहरुको बीचमा एउटा छोटो छलफल भयो । त्यसपछि उहाँआराम गर्न जानु भयो । यो पुरै सत्र करिब तीन घण्टा सम्म चल्यो ।

## शुकवार, २१ नोभेम्वर

मालिकले एउटा नवबिवाहित जोडीलाई भेट्नु भयो जो उहाँको आर्शिवाद प्राप्त गर्न आएका थिए । त्यसपछि उहाँवाहिर घाममा बस्न आंउनु भयो । त्यसपछि अभ्यासीहरु विस्तारै भित्र आंउन थाले र छिटै नै ढोका खोलियो ता कि सबैजना भित्र प्रवेश गरेर मालिकसित बस्न सकुन । यी वाहिरका सत्रहरुमा मालिक अधिकांशत: मौन नै रहनु हुन्थ्यो र सबैजना बातावरणमा मग्न भएर डुबेका हुन्थे । बेलाबेलामा अभ्यासीहरुले केहि कुरा वार्ताको लागि ल्याउने गर्दथिए ।

आईतवार २३ नोभेम्वरको दिन यस कुराको चिन्ता भयो कि मालिकलाई फेरि कुनै संक्रमणले छोयो । केहि परिक्षण गरिए र फेरि एक एण्टिवायोटिक औषधी शुरु गरियो । यो देख्नु बडो कठिन कुरो थियो कि मालिक आफ्नो शरिर भरि नै पिडा भोगिरहनु भएको छ । उहाँथुप्रै दिन सम्म ओछ्यानमा नै रहनु भयो ।

## युवा सेमिनार

शुकवार २८, नोवेम्भर, मालिक विहानको १० बजेर १५ मिनेट तिर कटेजबाट वाहिर युवा सेमिनारका (युथ सेमिनार) सहभागिहरुसित भेट गर्न वाहिर आउनु भयो जुन सोमवार शुरु भएको थियो र अन्त्य हुन लागेको थियो । देशभरिका करिव २५० जना सहभागीहरु आएका थिए । प्रत्येक दिन कमलेश भाईले विहान ६:३० बजेको सत्सङ्ग संचालन गर्नु भयो र विहानको ९:०० बजे सम्बोधन गर्नु भयो । सामुहिक छलफल र केहि चाखलाग्दा सिनेमा र डकुमेन्ट्रीहरु पनि सांझमा देखाईन्थ्यो ।

मालिक बस्नु भयो र सेमिनारका सबै अभ्यासीहरुलाई कटेज भित्र आंउन अनुमति दिइयो । अघिल्लो आईतवार जव मालिकले सेमिनार को बारेमा थाहा पाउनु भयो, उहाँले भन्नु भएको थियो म यस वाक्यांशमा विश्वाश गर्दछु कि तिनिहरुलाई युवावस्थामा नै समात्नु पर्दछ । मालिकले धेरै कुराकानी गर्नु भएन् तर एउटा ब्रदरलाई 'दश नियम' प्रस्तुत गर्ने अवसर दिइयो । मालिकले प्रस्तुती सुन्नु भयो र भित्र जानुभन्दा पहिले युवाहरुसित ९० मिनेट सम्म विताउनु भयो ।

## शनिवार, २९ नोभेम्वर: आर्टिकलहरुको बारेमा समाचार

पछिल्लो दुई बर्ष चार्टर्ड एकाउण्टेन्सी पढने महिलाहरुको संख्यमा ५० प्रतिशत बृद्दि भएको छ भन्ने समाचार पढेपछि मालिकले भन्नु भयो कि यो समाचार सुनेर खुशी भएं । उहाँ ले टिप्पणी गर्नु भयो कि,म हाम्रा केटाकेटीहरुलाई धेरै बर्ष देखि भनिरहेको थिंए कि यो तिनीहरुको लागि सुरक्षित कामको अवसर हो । तिनीहरुलाई कामको समयमा लचकता हुन्छ र राती काम गर्नु पर्देन , राती काम गर्नु तिनिहरुको लागि धेरै खतरनाक हुन्छ , त्यसपछि जीवनको बारेमा सामान्य कुराहरु तर्फ कुराकानी मोडियो , मालिकले प्रतिकृया गर्नु भयो कि कसरी आवश्यकताहरु बढिरहेका छन् । उहाँले भन्नु भयो हाम्रो जमानामा रेफ्रिजेरेटरको एउटा मात्रै साईज हुन्थ्यो र हामीहरुसित एउटै मात्र विकल्प हुन्थ्यो । अव तपाई झन् झन् ठुलो रेफ्रिजेरटर पाउनुहुन्छ र त्यसमा मानिसहरु उव्रिएका पिंजा, पाष्टा जस्तै कुराहरु राख्द्छन् । जव तपाईसित एउटा कार हुन्छ अव दोश्रो कारको चाहना हुन्छ । मलाई लाग्दछ कि हामीले आफ्नो आवश्यकतालाई न्युनतम आवश्यकतामा सिमित गर्नु पर्दछ र तत्पश्चात हामीहरु खुशी र सन्तुष्ट हुन्छौं ।

श्री राम चन्द्र मिशन ECHOES OF NEPAL NEWSLETTER

## डिसेम्बर २०१४

### अन्तिम हप्ताहरु

#### प्रशिक्षकहरुको लागि सिटिङ्ग

३ र ४ डिसेम्बरको दिन मालिकले ३९ जना प्रशिक्षकको समुहलाई अन्तिम सिटिङ्ग प्रदान गर्नु भयो । उहाँले प्रमाणपत्रमा हस्ताक्षर पनि गर्नु भयो । त्यसपछिका दिनहरुमा मालिक विहानको खाना खाएपछि तत्कालै जस्तो आराम गर्न फर्किनु भयो र अपरान्हमा मात्रै जागा हुने गर्नु हुन्थ्यो ।



#### आफ्नो काम निपुणतासित गर्नुहोस्

एक दिन एउटी सिष्टर कटेजमा आउनु भयो र भन्नुभयो, मालिक तपांई यति कष्ट पाईरहनु भएको छ, कृपया मलाई तपाईको पीडा बांडन अनुमति दिनु होस' मालिकले अत्यन्त मृदु र स्नेहपुर्ण मुस्कानकासाथ भन्नु भयो, यो निषेध गरिएको छ । यस्तो नगर्न भनिएको छ । यदि तपांई मेरो लागि गर्न चाहनुहुन्छ भने तपांई आफ्नो काम पुर्णताका साथ गर्नुहोस , यहि नै तपांईले गर्नसक्ने सबै भन्दा राम्रो कुरा हो ।'

#### ८८० भोल्टको प्रशारण

एक जना ८३ बर्षका अभ्यासी यु.एस.ए.बाट आएका थिए र मालिकलाई भेट्न चार घण्टा बढी समय सम्म प्रतिक्षा गरे । अन्त्यमा जव उहाँ हरुको भेट भयो , अभ्यासीले भने, मालिक, मलाई एउटा अवसर याद छ , जव तपांईले सिटिङ्ग प्रारम्भ गर्नु भयो र मलाई ८८० भोल्टको प्रशारण आएको जस्तो अनुभव भयो -म धाराशायी नै भएको थिंए मालिक हांस्नु भयो । उक्त भाईले थप भने , म यस कुराले दुःखि छु कि तपांईलाई भेटन आंउने सबै लाई तपाई प्राणाहुति दिई नै रहनु हुन्छ' मालिक फेरि हांस्नु भयो र त्यहां पुर्ण रुपमा नै स्थिरताको क्षण थियो । मालिकलाई मात्रै थाँहा छ कि छोटो समयमा के भयो तर कोठमा भएका सबैले द्रवित भएर आंसु झारे ।

मालिकबाट सन्देशरसियन सेमिनार सोमवार १५ डिसेम्बर देखि शुरु भयो । आफ्नो ओछ्यानबाट मालिकले यो छोटो सन्देश उनिहरुको लागि रेकर्ड गराउनु भयो जुन ध्यान हलमा सुनाइएको थिय । 'प्रिय भाईहरु तथा बहिनीहरु, मलाई दुःख लागेको छ कि म तपाईहरु सबै सित हुन सक्दिन तर भावनात्मक रुपमा तपांईहरुसित छु, मलाई आशा छ तपांईहरु यसलाई अनुभव गर्न सक्नु हुन्छ । कृपया मलाई विश्वास गर्नुहोस जव भन्दछु कि म तपाईहरु सबैसित हरघडी संगै हुनेछु चाहे यहां होस वा तपांईको रुसमा होस वा अन्य देशमा होस, यस्ले केहि फरक पर्दैन् । दुरीले केहि फरक पार्दैन्, यस्मा केहि फरक हुंदैन् । म तपांइहरु सबैको लागि प्रार्थना गर्दछु र तपांईहरु सबैको भलाईको लागि कामना गर्दछु, तपांईहरु सबैलाई आर्शिवाद छ ।'

#### मौन सिटिङ्ग

एउटा सांझमा मालिक अत्यन्त पिंडामा हुनुहुन्थ्यो र उहाँ का आंखा वन्द थिए । यस्ले देखियो कि उहाँनिदाउन लाग्नु भएको छ, त्यसै क्षण अचानकै उहाँ ले भन्नु भयो, यत्ति नै होमालिकले व्याख्या गर्नुभयो, म सिटिङ्ग प्रदान गरिरहेको थिएं उहाँको अस्वस्थताको बावजुद उहाँले काम जारी राख्नु भयो ।

#### अन्तिम पटक बाहिरः

यु.एस.ए.बाट ल्याएको एउटा बिशेष मेसिनको प्रयोग मालिकलाई ओछ्यानबाट व्हिलचियरमा सारेर कटेज वाहिर अन्तिम पटक निस्कनु गरियो । आफ्नो विहानको खाजा र समाचार वाचन पछि उहाँ ले आफ्नो लागि एउटा पुस्तक वाचन गर्न भन्नु भयो र आंखा बन्द गरेर बसेर सुन्नु भयो ।

मालिक सदैव पढने कुराको प्रेमी हुनुहुन्थ्यो, उहाँले यो रुचि अन्त्य सम्म पनि राखी राख्नु भयो । त्यस्तै अखवार वाचन पनि, उहाँले आफ्नो लागि पुस्तक वाचन होस भन्ने चाहना राख्नु हुन्थ्यो, विशेष गरेर जव उहाँसुत्न सक्नु हुन्न थियो । उहाँअत्यन्त चाख लिएर सुन्नुहुन्थ्यो र पाठन गर्ने व्यक्तिको उच्चारण पनि सच्याई दिनुहुन्थ्यो । र केहि छिन पछि उहाँनिदाउनु हुन्थ्यो ।

#### बुधबार १० डिसेम्बर

ब्रदर कृष्णा मालिकको बारेमा अत्यन्त चिन्तित हुनु भयो र कटेजमा नै बस्ने निर्णय गर्नु भयो । धेरै दिन पछि मालिक केहि राम्रो हुनु भएको देखियो र गोल्फ कार्टमा वाहिर जाने योजना बनाउनु भयो । तर, त्यसपछिकै दिनमा मालिक फेरि अस्वस्थ हुनुभयो ।

#### मनोरंजन

नियमित रुपमा हेरिने सिनेमा बाहेका मालिक विभिन्न टि.भि. श्रृंखलाहरु पनि हेर्न जारी नै राख्नु भयो । बुद्धको अन्तिम भागले उनको अन्तिम दिनहरु देखाईरहेको थियो र कसरी उनले उनलाई थाहा हुंदा हुदै पनि विष खाई दिए । कसैले मालिक लाई भन्यो, 'विगतमा पांईलाई पनि त्यस्तै कुरा भयो । कुनै व्यक्तिले किन यस्तो गर्दछन भनेर सोद्वा मालिकले जवाफ दिनु भयो, यही नै हो जुन हुन्छ'

#### अन्तिम दुई दिनहरुः

१८ डिसेम्बर पछि मालिक अत्यन्त अस्वस्थ हुनुभयो र अधिकांश समय सुत्नु भयो । द्दण तारिखको अपरान्हमा मालिकको स्वास्थ्य अत्यन्त अस्थिर भयो र उहाँ लाई सास फेर्न कठिनाई हुन थाल्यो । चिकित्सकहरुको उहाँको अवस्थालाई स्थिर गराउने अधिकतम प्रयास बावजुद राती करिब ९:४५ बजेतिर अत्यन्त धेरै भव्यताहरुको युगलाई अन्त्य गर्दै उहाँले महा प्रस्थान गर्नु भयो ।

श्री राम चन्द्र मिशन ECHOES OF NEPAL NEWSLETTER



## अल इण्डिया युथ सेमिनार

### २५ देखि २९ नवेम्बर, २०१४

देशका सबै भागबाट करिब २६० जना सहभागिहरुले यो सेमिनार मा सहभागि भएका थिए, जस्को बिषय पवित्रताको नियति बनांउदछ थियो । सहभागीहरुलाई सेमिनार भन्दा दुई महिना पहिला देखि नै व्यबस्थित ढंगले तयारी गराईएको थियो ।

सेमिनारको अवधिमा, प्रत्येक दिन विहान ६:३० बजे कमलेश भाईले संचालन गर्नु भएको सत्सङ्गबाट शुरु हुन्थ्यो तत्पश्चात ९:०० बजे उहाँ को सम्बोधन हुन्थ्यो । दिनभरिमा वार्ताहरु, आत्मलोकन्, मौनताको अवधि, सामुहिक छलफल स्वयंसेवाका कार्यहरु को सम्मिश्रणहरु हुन्थे ।

कमलेश भाईको भाषहरुको मुख्य मुख्य बुंदाहरु लाई यहां पुनः प्रस्तुत गरिएकोछ:

- उहाँले 'इफिक्यासी अफ राज योग इन दि लाईट अफ सहज मार्ग र टोवार्डस ईन्फिनिटि ' नामक पुस्तकहरु पुस्तकहरु पढनै पर्ने पुस्तकको रुपमा सुझाव दिनुभयो ।
- संवेदनशिलता भन्ने शव्दको अर्थ व्याख्या गर्दे उहाँले भन्नुभयो,यदि हाम्रो सचेतनता समुन्द्र जस्तै छ भने यदि ठुलै ढुंगा खसालियो भने पनि केहि पनि देख्न सकिदैन । यस्को साटो यो शान्त तलाउ जस्तै हुनु पर्दछ जस्मा एउटा पात मात्रै खस्यो भने तरंगहरु सृजना हुन्छन् ।"
- उहाँले आफ्नो सुत्ने समयमा परिवर्तन गरेर राती छिटो सुतेर विहान सबेरै उठने गर्नुपर्दछ । उहाँ ले बारम्बार यस कुरामा जोड दिनुभयो कि यो एउटा सानो परिवर्तनमा पनि ठुलो रुपान्तरण हुन जान्छ ।
- उहाँले सानो लक्ष्यहरु निर्धारण गरेर तिनीहरुको माध्यमबाट परम लक्ष्यमा ध्यान केन्द्रित गर्न सुझाव दिनुभयो ।

उहाँ सित सेमिनारमा प्रश्न उत्तरको सत्र पनि संचालन भएको थियो । प्रत्येक दिन व्हिस्पर्शको सत्र राखिएको थियो जस्मा पवित्रताको बारेमा उल्लेख भएको व्हिस्पर्शहरुको चयन गरेर सहभागीहरुलाई दिईएको थियो । अपरान्हमा संचारको विषयमा सत्रहरु राखिएका थिए । हृदयको उपयोग गरेर (एलिजावेथ डेन्ली) सहजमार्गको जीवनयापन ढंग (पुनित लालभाई) र दश नियम (ऋषि रंजन) । व्रदर एस.प्रकाशले टिम निर्माण गतिविधिको संचालन गर्नुभयो जस्ले संगै काम गर्ने विषयमा महत्वपुर्ण पाठ रमाईलोका क्षणहरु सहित प्रदान गर्यो । आफ्नो स्वास्थ्य समस्या बावजुद मालिकले अभ्यासीहरुसित केहि समय विताउनु भयो । र तिनीहरु मध्ये एकजनाले स्याक्सोफोन वाद्य यन्त्र बजाएको पनि सुन्नु भयो । जव सेमिनारको अन्त्य आयो सबैजना खुशी र आफ्नो वास्तबिक घर भनेर तिनीहरुले चिनेको घरवाट छुट्टिनुपरेको उदासीको मिश्रित भावना अनुभव गरिरहेका थिए ।



## प्रशिक्षक बनाउने तयारीको छैटौ समुह

### २८ नोभेम्बर देखि ७ डिसेम्बर सम्म

देशभरिबाट ३९ जना प्रशिक्षक बन्ने उम्मेदवारहरुले यो प्रशिक्षक तयारी सेमिनारको सबैभन्दा ठुलो समुहमा सहभागि भएका थिए । उहाँ को व्यस्त दिनचर्याको बावजुद कमलेश भाईले उम्मेदवारहरु सित समय विताउनु भयो र दुईवटा वार्ता दिनु भयो जस्मा प्रेम र विनम्रताका साथ सेवा गर्नुको महत्वमा जोड दिनुभएको थियो । सहभागिहरुलाई ति सत्रहरुमा पनि आमन्त्रण गरिएको थियो जस्मा कमलेश भाईले युवा र नर्थ ईष्टबाट आएका प्रतिनिधिहरुलाई सम्बोधन गर्नु भएको थियो ।

यो सेमिनारको बिषय कसरी एउटा प्रशिक्षक 'गहिरो अभ्यासी' हुन र प्रशिक्षकहरुलाई आ–आफ्नो अभ्यासमा र आफ्नो चरित्र निर्माणमा केन्द्रित हुन आवश्यक छ ता कि उहाँको कार्यमा सहभागि हुन उहाँको मन्त्र बन्न सकियोस । कार्यक्रमको अन्त्य आध्यात्मिक आंकांक्षिहरुको लागि आवश्यक पक्ष र मुख्य पाठहरु जुन तिनिहरुका आ–आफ्नै केन्द्रहरु तथा आश्रमहरुमा लैजाने बिषयमा प्रतिविम्वित सत्रबाट भएको थियो ।



## नर्थ ईस्ट सेमिनार २ दखि ७ डिसेम्बर, २०१४

हामी सबै जना नोभेम्बर २९ तारिख काठमाण्डौंबाट भैरहवा हुँदै गोरखपुर तर्फ र गोरखपुरबाट राप्ति सागर एक्सप्रेस चढेर चेन्नई तर्फ प्रस्थान गऱ्यौं । त्यस्तै भैरहवा, विर्तामोड, विरगजंबाट पनि अभ्यासीहरु उक्त सेमिनारमा भा लिन मणपाक्कम पुगेका थिए ।

रेलमा सिटिङ्गको कार्यक्रमलाई निरन्तरता दिदै हामी डिसेम्बर २ तारिख करिब २ बजे मणपाक्कम पुग्यौं । विहान आफ्नो ध्यान सकेर विहान ६:३० को सत्संगमा भाग लियौं । विहानको नौ बजेको सत्संग कमलेश भाईले संचालन गर्नुभयो र ध्यान पश्चात बार्ता दिनुभयो जसको सारांश यस प्रकार थियो,

हामीले आफूमा गीतामा वणर्न गरिएको २१ गुण आफूमा विकास गर्नुपर्छ ।

- *आफू भन्दा अरुलाई ठुलो मान्नुपर्दछ यो नै विनम्रता हो ।*
- *जो आफै आउछ त्यो 'खुदा' हो ।*
- *जो ईश्वरको वन्दी बन्दछ त्यो 'वन्दा' हो । स्वः ईच्छाले मालिकको वन्दि बन ।*
- *मनले अपनाउ र मनलगाएर साधना गर ।*
- *जब बाबुजी लालाजी महाराजको प्रतिनिधि भैसक्नुभएको थियो अर्थात श्रृष्टिको मालिक हुनुहुन्थ्यो तब पनि जब आफ्नो प्रशिक्षकलाई देखेर बाबुजी उठ्नु हुन्थ्यो ।*
- *जब मालिकले लगातार सात महिनासम्म कसैको बारेमा सोच्नुभएमा त्यो Spiritual Entity को जन्म दिव्यलोकमा हुन्छ ।*

सत्सग पश्चात सेमिनार शरु भयो, बास्तवमा सेमिनार घोषित मिति भन्दा एक दिन अगावै शरु भएको रहेछ । सेमिनारमा ध्यान, सफाइ, सार्वभौमिक प्रार्थना रात्री प्रार्थनाको बारेमा गहिरिएर मनन गराइयो । यस पटकको सेमिनारमा अभ्यासलाई आनन्दमा केन्द्रित गरिएको थियो ताकि अभ्यासीहरु मा साधता प्रति स्वत स्फूत रुची पैदाहोस न कि साधना एउटा उदेक लाग्दो नित्य कर्म बनोस ।

प्रशिक्षकहरुले प्रत्येक दिन विहान आफ्नो जोडि प्रशिक्षकबाट ध्यान या त लिने वा दिने गर्नु पर्दथियो । त्यसको लागि विहानको ६:३० को सत्संग नबसेपनि हुन्थ्यो, तर सबैजसो प्रशिक्षकहरुले विहान आफ्नो ध्यान ५:३० मा सकेर, जोडि प्रशिक्षक संग ध्यान लिने वा दिने कार्य ६:३० अगावै सकेर विहानको ६:३० को सत्संगमा भाग



लिएका थिए । सेमिनारको शुरुमा लालाजी महाराजद्वारा प्रस्तुत वार्तालापको सिद्धान्तबारे जानकारी गराइयो । १० जनाको करिब २२ वटा समूह बनाइएको थियो जसमा अभ्यासीहरु लाई आफ्नो समूहमा ध्यान, सफाइ, सार्वभौमिक प्रार्थना रात्री प्रार्थना बारे पालैपालो भन्न लागाइन्थ्यो र त्यस पश्चात समूहमा राखेर सहि तरिका या त कमलेश भाईले आफूले सो प्रकृया कसरी गर्ने गर्नुहुन्छ सो बारेको वार्तालाप भिडियोको माध्यमबाट देखाइन्थ्यो वा सहजकर्ता सिस्टर एलिजावेथ डेन्ली, भाई चिनु, रशिक, जिगनेश वा सिस्टर माहिजाले मालिकको किताब वा बार्ताहरुको माध्यमबाट सहि के हो त्यस तर्फ इगिंत गर्नुहुन्थ्यो ताकि अभ्यासीहरुले सहजरुपमा आफ्नो साधनाको प्रकृयाहरुलाई सच्याउन, परिस्कृत गरुन र आत्मनिरिक्षण गरुन र आफ्नो अभ्यासमा केहि मूल्य थपुन ।

विहान सवा १० बजे देखि खानाखाने १२ बजे सम्म त्यस पछि ३ बजे देखि साझको ५ बजेको ध्यान अघि सम्म सेमिनारको दिनचर्या रहन्थ्यो र प्रशिक्षकहरुलाई साझ ६:३० मा फेरि जम्मा हुन पर्दथियो जसमा प्रशिक्षक गाइडमा रहेका प्रशिक्षकको दायित्वहरु तथा प्रशिक्षको भूमिका बार गहन छलफल गरिन्थ्यो ।

५ तारिख शुक्रबार हामीलाइ दुई कुराको बचन दिइएको थियो, पहिलो मालिकसगको भेट दास्रो कमलेश भाइसंगको भेट । हामीहरु कटेज बाहिर २ पटक लाम लाग्यौं तर मालिकको ब्यस्तताको कारणले सम्भव भएन । सेमिनार हल भित्र मालिक आउने संकेत भएतापनि मालिक अत्याधिक थकानको कारणले आउन सक्नु भएन । दोस्रो बचन अनुसार कमलेश भाइ आउनुभयो र अभ्यासीहरुबाट प्राप्त प्रश्न जसलाई सहजकर्ताहरुले छानेका थिए सोको उत्तर दिनुभयो र निम्न कुराहरु उल्लेख गर्नुभयो ।



- *चित्त, अहंकार,मन र बुद्धिलाई सुक्ष्म शरिर भनिन्छ जुन प्रत्येक पटकको ध्यान पश्चात परिवर्तन हुन्छ ।*
- *आत्मा आनन्द हो, विना आन्नदको ध्यान हुदैन।*
- *मालिकमा डुब्नु नै पुन्यकार्य हो ।*
- *कुनै प्रश्न छ भने डायरीमा लेखेर सुत्नुहोस जवाफ ढिलो चाडो अवश्य प्राप्त हुन्छ ।*
- *ध्यानले चेतना जाग्रत हुन्छ र प्रत्येक ध्यानले चेतनामा बृद्धि हुन्छ, चक्कुमा धार लागे सरह ।*
- *ईच्छा, अशान्ति, असन्तोष आदिले B विन्दुमा असर गर्छ र असुन्तलन पैदा गर्छ ।*
- *टेलिभिजनको रिमोट फ्याकिदिनुहोस, टेलिभिजनले ईच्छा बढाउदछ त्यसैले यसमा समय खेरा नफाल्नुहोस ।*

शनिवार ६ तारिखको दिनमा सेमिनारमा भाग लिनआएको सबै अभ्यासीहरुलाई निर्माणधिन तिरुभल्लुर आश्रम स्वयंसेवक कार्यको लागि लगियो जुन मणपाक्कबाट ४० कि. मी. को दुरिमा रहेको थियो । जँहा अभ्यासीहरुले ढलान, ईटा, बालुवा बोक्ने, खन्ने आदि कार्यहरुमा स्वयंसेवा प्रदान गरे । करिब ६७ विघा क्षेत्रफल रहेको सो आश्रममा मालिकको कटेज, ध्यानहल, सौचालय आदि बन्दैथियो । साँझको ५ बजेको सत्सग पश्चात हामी लालाजी मेमोरियल ओमेगा स्कूलको बस चढेर आश्रम फर्कियौं ।

आइतबार ६ तारिख, विहान ७:३० बजेको सत्संग कमलेश भाईले संचालन गर्नुभयो । हामीहरु ८ तारिख कोलकाता रक्सोल हुँदै विरगंज, काठमाण्डौ, कोहि न्यूजलपाइगुरी स्टेशनहुदै झापा विर्तामोड र कोहि गोरखपुर हुदै भैरहवा आआ आआफ्नो गन्तब्य फर्कियौं ।

## श्री राम चन्द्र मिशन नेपालको बार्षिक साधारण सभाको तथा संचालक समितिको बैठक :

श्री राम चन्द्र मिशन नेपालको संचालक समितिको बैठक २ र ९ जनवरी र बार्षिक साधारण सभाको बैठक जनवरी ३ र १० तारिख २०१५ मा मालिक तथा अध्यक्ष श्री पार्थसारथी राजगोपालाचारीको अनुमतिले बस्यो ।

संचालक समितिको बैठकमा श्रद्धेय मालिक श्री पार्थसारथी राजगोपालाचारीको २० डिसेम्बर २०१४ मा स्थानीय भारतीय समय अनुसार ९:४५ बजे मणपाक्कम आश्रममा महासमाधि भएको हुँदा ब्रदर कमलेश देसाइभाई पटेललाई विगतमा नै श्री पार्थसारथी राजगोपालाचारीज्यूको शेष पछि आजिवन श्री राम चन्द्र मिशनको अध्यक्ष तथा उत्तराधिकारी मनोनयन गरिएको र जसलाई १८ डिसेम्बर २०१२ को सचांलक समितिको बैठकले सर्वसम्मतले स्वीकार गरिसकेको कुरालाई संचालक समितिको बैठकले तथा बार्षिक साधारण सभाको बैठक फेरि पनि सर्वसम्मतले अनुमोदन गऱ्यो ।

बार्षिक साधारण सभाको बैठकमा श्री राम चन्द्र मिशनको अध्यक्ष द्वारा जारी अडर नम्बर 201412026-1 अनुसार प्रशिक्षक ब्रदर दिवान चन्दलाइ संचालक समितिको सदस्यमा मनोनयन गरिएको जानकारी गराइयो । त्यस्तै प्रशिक्षक ब्रदर दिवान चन्दलाई यस अघि अडिटरमा नियुक्त गरिएकोमा हाल उहाँ संचालक समिति सदस्यमा चयन भएको कारण आ. ब. २०७१/७२ देखि आगामी ३ बर्षको लागि उहाँको सट्टा ब्रदर अशोक सिंह भण्डारीलाई अडिटरमा नियुक्त गरियो ।

आ. ब. २०७०/७१ को अडिट रिपोर्टलाई अनुमोदन गरियो । साथै बैठकहरुले श्री राम चन्द्र मिशन नेपालको नियमित कामकार्वाही तर्फ आवश्यक निर्णयहरु समेत गऱ्यो ।

## नयाँ प्रकाशनहरु




HeartSpeak 2001

English




The Principles of Sahaj Marg Vol -16

(The Gift of Love)

English



HeartSpeak 2011

Telugu

## नयाँ नियुक्ति

**क्या. विनीत रनावत**

ज्वाइन्ट सेक्रेटरी तथा वर्किङ्ग कमिटी मेम्बर

**श्री कुमार केशवन**

सेन्टर ईन्चार्ज, आलुवा

**रविन्द्र कुमार सिन्हा**

शाहजहाँपुर आश्रम म्यानेजर

श्री राम चन्द्र मिशन ECHOES OF NEPAL NEWSLETTER

## सतुपल्ली आश्रम तेलागांना

## प्रकाशको केन्द्र





### सतुपल्ली आश्रम तेलागांना

सतुपल्ली तेलागांना राज्यको रवाम्मम जिल्लाको सहर हो । यो सहर विजयवाडाबाट झण्डै सय किलोमिटर पर रहेको छ । यस्को सबै भन्दा नजिकैको रेल्वे स्टेशन रवाम्मम हो जुन जिल्ला सदरमुकाम हो जुन विजयवाडा र वारंगलको बीचमा रहेको छ ।

सन् १९८०–९० को अवधिमा सतुपल्लीमा सहज मार्गको अभ्यास गर्ने करिब दश जना अभ्यासीहरु थिए । सन. १९९० मा एक जना प्रशिक्षक ब्रदर पि.भाष्करम रवाम्मम जिल्लामा बेलामपल्लीबाट को ठागुदेममा सरुवा भए । उनि अभ्यासीहरुलाई भेटन सतुपल्लीमा ६० कि.मी. यात्रा गर्ने गर्दथिए । उनले बारम्बार भ्रमण गरेपछि अभ्यासीहरुको संख्या सन १९९७–९८ मा १० बाट २० मा पुग्यो ।

एकजना अभ्यासी भाईले आश्रम बनाउनको लागि २७८ स्क्वाएर गज नाप भएको जग्गा चन्दा दिए जुन शहरको मुटुमा नै थियो र यो रवाम्मम बाट राजमुन्द्री जाने मुक्त सडकसित जोडिएको थियो । २६ फेब्रुअरी १९९२ मा यो जमिन रामचन्द्र मिशनको नाममा दर्ता भएको थियो । आश्रमको एउटा भवन आर.सि.सि.भएको निर्माण भयो र सन १९९८ मा अभ्यासी र स्थानियबासीहरुको उदार चन्दाको मद्दतले निर्माण सम्पन्न भयो । आश्रमको कुल क्षेत्र २५० २ स्क्वाएर फीट, ध्यान हल (५४५ स्क्वाएर फीट) , भान्सा (२०० स्कावएर फीट) रहेको छ । आश्रममा एउटा राम्रो कम्प्युटर, प्रिण्टर र ईन्टरनेट सम्पर्क सहितको पुस्तकालय रहेको छ । २७ जुन १९९४ मा ब्रदर एस.ए.सरनादले उद्घाटन गर्नु भएको थियो । सन् २०११ मा दुईवटा थप कोठा र खाना खाने स्थान र भान्साको भण्डार थप निर्माण गरियो । यस्को उद्घाटन २ फेब्रुअरी २०११ मा गरियो ।

करिव ४० जना अभ्यासीहरु एउटै गल्लीमा बस्दछन र तिनीहरु प्रत्येक दिन विहान ५:०० बजे देखि ६:०० बजे सम्म र ९:०० बजे देखि १०:०० बजे सम्म र बेलुकी ६:०० बजेदेसिख ६:०० बजे सम्म सत्सङ्गको लागि जम्मा हुने गर्दछन् । बिहान ११:०० बजे देखि १:०० बजे सम्म आश्रममा व्हिस्पर्श सन्देश र मिशनका साहित्यहरु दैनिकरुपमा नै बाचन गर्ने गरिन्छ ।

रवाम्मम र कोठागुदेमबाट प्रशिक्षकहरु यस केन्द्रमा भ्रमण गर्ने गर्दछन् र पूर्ण दिनको कार्यक्रम तथा सिटिङ्गहरु संचालन गर्दछन् ।

अहिले अभ्यासीहरुका संख्यअ अस्सी भन्दा बढी छ । नयां अभ्यासी सहित सबै अभ्यासीहरु २०१३ को अगस्त तथा नोभेम्बर मा सतुपल्ली केन्द्रमा संचालित GITP कार्यक्रममा सहभागी भएका थिए ।







To download or subscribe to this newsletter, please visit http://www.sahajmarg.org/newsletter/india For feedback, suggestions and news articles please send email to in.newsletter@srcm.org
© 2015 Shri Ram Chandra Mission ("SRCM"). All rights reserved. “Shri Ram Chandra Mission", "Sahaj Marg", “SRCM”, “Constant Remembrance” and the Mission's Emblem are registered Trademarks of Shri Ram Chandra Mission.This Newsletter is intended exclusively for the members of SRCM. The views expressed in the various articles are provided by various volunteers and are not necessarily those of SRCM.